# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

भाग -१

खण्ड : ७ संख्या : ३ मिति : २०८१/०४/०१ गते

# स्थानीय शिक्षा ऐन, २०७५ (प्रथम शंशोधन २०८१)

# स्थानीय शिक्षा ऐन, २०७५ (प्रथम संशोधन २०८१)

**प्रस्तावना:**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार,नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास,मुलुकको समृद्धि र जनहितका लागि स्थानीय,राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधान २०७२ को धारा २२१,अनुसूची ८ को सूची नं.८तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिमको पूर्वीचौकी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

1. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन पूर्वीचौकी गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

2. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले पूर्वीचौकी गाउँपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले पूर्वीचौकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ख१) "अध्यक्ष" भन्नाले पूर्वीचौकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ख२) "उपाध्यक्ष" भन्नाले पूर्वीचौकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ख३) वडाअध्यक्ष भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "कोष" भन्नाले दफा ४० बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोपलाई सम्झनुपर्छ ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

(घ) "गाउँपालिका"भन्नाले पूर्वीचौकी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "गाउँ सभा"भन्नाले पूर्वीचौकी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख वा सो शाखाको प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ ।

(ज) "शिक्षा,युवा तथा खेलकुद शाखा"भन्नाले गाउँपालिकामा रहेको शिक्षा,युवा तथा खेलकुद सम्बन्धी हेर्ने विभाग तथा महाशाखा र शाखा वा ईकाईलाई सम्झनुपर्दछ ।

(झ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्दछ ।

(ञ) "बाल शिक्षा केन्द्र"भन्नाले चार वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र,नर्सरी,केजी,मन्टेश्वरी आदि सम्झनुपर्दछ ।

(ट) "आधारभुत शिक्षा"भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिईने शिक्षा सम्झनुपर्दछ अथवा साविकको प्राथमिक तथा निम्नमाध्यमिक शिक्षालाई सम्झनुपर्दछ ।

(ठ) "माध्यमिक शिक्षा"भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्दछ।

(ड) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्दछ ।

(ढ)"विद्यालय शिक्षा"भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्दछ ।

(ण) "प्राविधिक तथा व्यावसायिक शिक्षा"भन्नाले प्राविधिक ज्ञान,सिप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्दछ।

(त) "सामुदायिक विद्यालय"भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(थ) "व्यवस्थापन समिति"भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ।

(द) "शिक्षक"भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

(ध) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ।

(न) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले परिच्छेद ३ को १९ को प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(प) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा"भन्नाले आधारभूत तह (कक्षा–८)को अन्त्यमा हुने परीक्षालाई सम्झनुपर्छ ।

(फ) "अनुमति"भन्नाले गाउँपालिकाले स्थायी स्वीकृति सहायता प्रदान गर्न नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ब) "स्वीकृति"भन्नाले तोके बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "आवासीय विद्यालय"भन्नाले गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरेको विद्यालयलाई जनाउँछ ।

(म) "शिक्षा समिति" भन्नाले परिच्छेद ३ को दफा १६ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(य) "प्राविधिक सहायक"भन्नाले गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रशासनिक सहायक वा सहयोगीको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ।

(र) "शिक्षक महासँघ"भन्नाले शिक्षकको पेशागत हकहितका लागि पूर्वीचौकी गाउँपालिकामा गठित शिक्षक महासँघ सम्झनुपर्दछ ।

Ω(ल)"स्वंयसेवक शिक्षक"भन्नाले गाउँपालिकाले आफ्नो श्रोतबाट नियुक्त गरिएको विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

Ω(व)"तोकिए बमोजिम"भन्नाले शिक्षा नियमावली,कार्यविधी तथा निर्देशिकामा उल्लेख गरिएका कुराहरुलाई जनाउँदछ ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

## परिच्छेद– २

### शिक्षाको प्रकार,विद्यालयको वर्गीकरण,अनुमति,स्वीकृति, समायोजन तथा नियमन

3. विद्यालयको तह २ प्रकारका हुनेछन् :

(क) आधारभूत तह: कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ। आधारभूत तहभित्र कक्षा १–३, कक्षा १–५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र,मन्टेश्वरी,किन्डरगार्टेनहरु रहनेछन्।

(ख) माध्यमिक तह: कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययन अध्यापन हुने तहलाई जनाउनेछ।

4. माध्यमिक शिक्षाको प्रकार: माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्:–

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

5. शिक्षाको माध्यम

(१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा,अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनसक्नेछ :–

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

6. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा,निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्नसक्नेछ।

7. **विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिने ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

8. **विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति तथा स्वीकृति लिनुपर्ने:**

(१)कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालयखोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस तथा नजिकका ३ वटा विद्यालयबाट अनुमति लिई गाउँपालिका प्रमुख समक्ष ΩअनुसुचीΩ-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमाΩअनुसुची-२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनसक्नेछ।

(२क) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालयमा वा छुट्टै बालविकास केन्द्र सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस तथा नजिकका ३ वटा विद्यालयबाट अनुमति लिई गाउँपालिका प्रमुख समक्ष Ωअनुसुची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२ख) उपदफा (२) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन

Ωप्रथम संशोधनद्धारा संशोधित

€प्रथम संशोधनद्धारा झिकिएको



CamScanner

मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा Ω अनुसुची-४ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनसक्नेछ।

(२ग) कुनै नेपाली नागरिकहरूको समुदायले अनुमति प्राप्त गरी सञ्चालनमा रहेको सामुदायिक विद्यालयले स्वीकृति लिन चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस तथा नजिकका ३ वटा विद्यालयबाट अनुमति लिई गाउँपालिका प्रमुख समक्षΩअनुसुची-५ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२घ) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालयलाई स्वीकृति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा Ωअनुसुची -६ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले विद्यालय स्वीकृति दिनसक्नेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिनभित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग वमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा Ω प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिनेछ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि–एसईई) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा Ω प्रमुख प्रशासकीय अधिकृतले अनुमति प्रदान गर्नसक्नेछ। तर अनुमति दिनु अघि परिषद्द्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ।

(६) उपदफा (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिईनेछैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने।

(घ)शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनुपर्नेछ। गाउँ कार्यपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्नसक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन्।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन।

(११) यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः(१) माथि जेसुकै उल्लेख भएतापनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

सञ्चालन भएका मानिनेछन्। तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नुपर्नेछ ।

९. धरौटी राख्नुपर्ने:संस्थागत विद्यालय खोल्न अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नुपर्नेछ ।

(क)माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख)आधारभूत विद्यालयको लागि

(ख१) कक्षा १ देखि कक्षा ५ सम्मको लागि दुई लाख रूपैयाँ,

(ख२) कक्षा ६ देखि कक्षा ८ सम्मको विद्यालयको लागि तीन लाख रूपैयाँ।

Ωतर सामुदायिक विद्यालयको हकमा आधारभूत तह १–८ को लागि धरौटी आवश्यक नपर्ने र माध्यमिक तह ९-१२ को लागि न्युनतम रु ५ लाख राख्नुपर्नेछ।

विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिनसक्नेछ ।

(संस्थागत विद्यालयले विद्यालय सञ्चालन गर्न स्वीकृति सिफारिस लिदा गाउँपालिकाले रु.१०००० I (दशहजार) लिनसक्ने र थप कक्षा सञ्चालनको लागि अनुमति लिंदा कक्षा दुई देखि नै तोके बमोजिमको राजश्व गाउँ शिक्षा समितिको खातामा अग्रिम जम्मा गर्नुपर्नेछ,थप कक्षा बापत प्रतिवर्ष १५०० I–(पन्ध्रसय) का दरले वार्षिक संस्था नवीकरण गरे बापत रु.१००० I– (एकहजार) तिर्नुपर्नेछ।

10. धरौटी रकम जम्मा गरिने :(१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

11. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामति, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल र शहिद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन बमोजिम पालना गर्नुपर्नेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

12. Ωगाउँपालिकाले कुनै विद्यालयमा आधारित वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना, सञ्चालन गर्न र थप व्यवस्था गर्नसक्नेछ तर ऐन प्रारम्भ हुँदाका बखत समुदायमा सञ्चालनमा रहेका बाल विकास केन्द्रहरु प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको अवस्थामा गाउँपालिकाले नजिकैको मातृ विद्यालयमा समायोजन गर्न सक्नेछ।

13. बाल गृहको सञ्चालनः गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ। बाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

14. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्नसक्नेः गाउँपालिकाले समुदायमा साक्षरता,सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्नसक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुनसक्नेछ।

15. गाउँपालिकाले विद्यालय सार्न,गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्नसक्नेः

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भईरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढि विद्यालयलाई गाँभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। प्राथमिक तहको विद्यालयमा कुल ५० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्नसक्नेछ ।

Ω(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि भौगोलिक विकटता भएको विद्यालयको हकमा भने तोकिएको मापदण्डभन्दा कम विद्यार्थी संख्या भएको अवस्थामा पनि विद्यालय सञ्चालन गर्न सकिनेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाईनेछैन । माध्यमिक तहको हकमा कम्तीमा ५०,००,०००।– (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तीमा ३०,००,०००। (तीस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिनेछैन ।

Ωप्रथम संशोधनद्धारा संशोधित

€प्रथम संशोधनद्धारा झिकिएको

CamScanner

## परिच्छेद: ३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था:

**16. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था.**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क)गाउँपालिका अध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिकाको सदस्य –संयोजक

(ख)गाउँ कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु –सदस्य

(ग)सामुदायिक माध्यमिक तहको विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट समितिले तोकेको एक जना प्रधानाध्यापक – सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्था मध्येबाट प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना – सदस्य

(ङ)समाजसेवी,शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित दुई जना –सदस्य

(च) शिक्षा अधिकृत –सदस्य सचिव

Ω(१क) उपदफा १ बमोजिम गठित समितिको पदावधी २ वर्षको हुनेछ र उक्त समितिमा स्थानीय तहको शिक्षक महाँसघको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(२) समितिको बैठक सञ्चालन प्रक्रिया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ। तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिनेछैन।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने।

Ωप्रथम संशोधनद्वारा संशोधित

ɛप्रथम संशोधनद्वारा झिकिएको



CS CamScanner

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ङ) विद्यालयहरुको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयका शिक्षकहरुका सेवा, सुविधा र शर्तहरु स्वीकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्ने । उक्त प्रस्तावहरु मनासिब देखिएमा गाउँपालिकाले स्वीकृति दिनसक्नेछ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने।

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने।

(ञ)शैक्षिक संस्था र €.......विद्यालय शिक्षक कर्मचारी बालविकास सहजकर्ता सिकाइ केन्द्र सहजकर्ताहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड तथा कारवाहीका लागि सम्बन्धित निकायमा Ω सिफारिस गर्ने गराउने।

(ट) करार शिक्षक छनौट परीक्षा सञ्चालनका लागि विषय विशेषज्ञहरु छनौट गरी सूची प्रकाशन गर्ने।Ωतर गाउँपालिकामा तोकिएको योग्यता प्राप्त विशेषज्ञ शिक्षक उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय इकाई वा अन्य पालिकाबाट पनि विज्ञ नियुक्त गर्न सकिनेछ। (गाउँपालिका स्तरीय विषयविशेषज्ञको सुची तयार गर्ने।)

(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि Ω गाउँ कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने।

(ड)विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी Ω गाउँकार्यपालिकामा पेश गर्ने।

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने।

(ण) €.............. दिवा खाजा व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने।

(त) विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी सबै बालबालिकाहरुको लागि शैक्षिक पहुँच सुनिश्चित हुने प्रबन्ध गर्ने।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रयोग हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने।

(द) Ωशिक्षकहरुको क्षमता विकास हुने प्रकारका तालिमको नीति तर्जुमा गरी लागु गर्ने।

(ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

(न) Ωएकिकृत शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने।

(प)शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने।

(फ)तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

Ω(ब) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजनामाथि छलफल गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा पेश गर्ने ।

(भ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(म) कुनै विद्यालयलाई नमुना विद्यालयको रुपमा सञ्चालन गर्न एकमुष्ट अनुदानका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

Ω(य) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत विद्यालय व्यवस्थापन समितिलाई निर्देशन गर्ने ।

(र) गाउँपालिका अनुदान शिक्षकहरुको म्याद थप, सेवा सुविधा सम्वन्धी कार्यविधी बनाई अनुमोदनका लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ल) आधारभुत तह कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन तथा प्रमाणीकरणका लागि परीक्षा समिति गठन गरी आवश्यक समन्वय गर्ने ।

(व) एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) मा आधारित कक्षा ८ को परीक्षा सञ्चालन गर्ने र अन्य कक्षाहरुमा लागु गर्न प्रोत्साहन गर्ने ।

17. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत, १ जना प्राविधीक सहायक गरी जम्मा २ जना जनशक्ति रहनेछन्। निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(१)गाउँस्तरिय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(२)गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

(३) विद्यालय तथा शिक्षक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(४)गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(५)शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कन गर्ने,

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(७)शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**18. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था:**

**(१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ:**

(क) सम्बन्धित वडाको वडाध्यक्ष **संयोजक**

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको दुई जना **- सदस्य**

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना **- सदस्य**

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेकोएक जना **- सदस्य**

(ङ) वडाभित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना **- सदस्य**

(च) सम्बन्धित वडाका वडा सचिव **–सदस्य सचिव**

**(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,जागरुक र सजग बनाउने।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने,सार्ने नाम परिवर्तन गर्ने,तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१७. विद्यालय व्यवस्थापन समिति गठन**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले (ख),(ग) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ग)विद्यालय रहेको सम्बन्धित वडाका अध्यक्ष वा वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक,स्थानीय बुद्धिजिवी,शिक्षाप्रेमी,चन्दादाता व्यक्तिहरू मध्येबाट

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथग संशोधनद्वारा झिकिएको

विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना –सदस्य

€(ङ)...............................

(ङ१) विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको एकजना –सदस्य

(च)विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(पुनश्चः बालक्लबहरुको तर्फबाट १ जना र गाउँ शिक्षा समितिबाट १ जना आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउनुपर्नेछ।)

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधी तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदीय आचरण नगरेमा विद्यालय व्यवस्थापन समितिले €............निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

Ω(३) उपदफा १ वमोजिमको विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सहजीकरण गर्नको लागि सम्बन्धित वडाका वडा अध्यक्ष को संयोजकत्वमा शिक्षा शाखा प्रमुख वा प्रतिनिधि सदस्य रहने र सम्बन्धित विद्यालयका प्र.अ. सदस्य सचिव रहने गरी तीन सदस्यीय प्राविधिक समिति गठन गरिनेछ ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक कार्यान्वयन गर्ने,गर्न लगाउने,

(छ) स्विकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँकार्यपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालय सुधार योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने,

(थ) आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्ने गराउने,

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

(द)विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरुलाई नि:शुल्क पाठ्यपुस्तक खरिद तथा वितरण गर्ने कार्यका लागि गाउँ शिक्षा समितिसँग समन्वय गर्ने,

(ध)विद्यालयमा नेपाली तथा अंग्रेजी भाषाका माध्यमबाट पठनपाठन गर्न आवश्यक व्यवस्था गर्नेगराउने,

(न) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो Ω कार्ययोजना बनाउँदा वडा.........शिक्षा समितिको परामर्श लिनसक्नेछ।

(७) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँ कार्यपालिकाको सहमतिमा एकभन्दा बढि विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्नसक्नेछ ।

20. शिक्षक अभिभावक संघ:–सबै विद्यालयमा Ω विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक एवं शिक्षक र अभिभावक सहितको ११ सदस्यीय शिक्षक अभिभावक संघ रहनेछ ।€................

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी,सेवा शर्त र योग्यता

21. गाउँपालिकाले Ω आफ्नै श्रोतबाट स्वयंसेवक€ शिक्षकको दरबन्दी.........निर्धारण गर्नसक्नेछ।

१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ।

२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाईल खडा गरी गाउँपालिकाले अभिलेख राख्नुपर्नेछ ।

Ω(४)यसरी गाउँपालिकाले आफ्नै श्रोतबाट वा संघीय रिक्त दरबन्दीमा करार शिक्षक नियुक्त गर्न, शिक्षकहरुको शैक्षिक योग्यता तथा परीक्षा सम्बन्धी प्रक्रियाको मापदण्ड परिच्छेद ५ को दफा २४ बमोजिम हुनेछ तर गाउँपालिकाको आफ्नै श्रोतबाट नियुक्त गरेका शिक्षकको सेवा सुविधा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ साथै त्यस्ता गाउँपालिका अनुदान शिक्षकहरुमा निम्नमाध्यमिक तथा माध्यमिक तहको अंग्रेजी,विज्ञान र गणित विषयको हकमा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुमति लिई गरिएको पहिलो विज्ञापनबाट अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवार उपलब्ध हुन नसकेमा दोस्रो विज्ञापनबाट शैक्षिक योग्यताको आधारमा स्वयंसेवक शिक्षक नियुक्तगर्न सकिनेछ।तर निज उम्मेदवारले पहिलो पटक हुने अध्यापन अनुमतिपत्रको विज्ञापनबाट अनुमतिपत्र लिनुपर्नेछ।

22. शिक्षकको सेवा,शर्त र योग्यता

शिक्षकको सेवा, शर्त र योग्यता गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

Ωप्रथम संशोधनद्धारा संशोधित

€प्रथम संशोधनद्धारा झिकिएको



CamScanner

23. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाईएमा,

(च) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औसत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा,

२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्नसक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

सभाबाट पारित : २०८०/०३/३१ गते

## परिच्छेद ५

### विद्यालय शिक्षक तथा कर्मचारीको नियुक्ति,Ω दरबन्दी मिलान, तालिम

**24. शिक्षकको नियुक्ति:**

१) विद्यालयमा कायम भएको सबै प्रकारका (राहत, करार,शिक्षण अनुदान,साबिक उच्च माध्यमिक अनुदान,गाउँपालिका अनुदान) रित्त दरबन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ:

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष संयोजक

(ख) €........................................सदस्य

(ग) विषयगत विषय विज्ञ मध्येबाट विद्यालय व्यवस्थापन समितिले तोकेको १जना महिला सहित २जना -सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

(ङ) €........................................ - सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सचिव

२) समितिको आफ्नो कार्यविधी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ र उपदफा १ बमोजिमको परीक्षा सञ्चालनको केन्द्र गाउँपालिकामा रहनेछ।

**25. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त सोही तहमा स्थायी शिक्षक हुनुपर्नेछ। सो प्राप्त हुन नसकेमा Ω सो भन्दा कम शैक्षिक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले प्रतिस्पर्धाको आधारबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

(ख) आधारभूत तह (६–८) मा प्रधानाध्यापक हुन स्नातक तह उपाधी प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ। सो योग्यता प्राप्त शिक्षक प्राप्त हुन नसकेमा Ωसो भन्दा कम शैक्षिक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ।

(ख१) आधारभूत तह (१–५) मा प्रधानाध्यापक हुन प्रविणता प्रमाणपत्र तह उपाधी प्राप्त सोही तहमा स्थायी शिक्षक हुनुपर्नेछ। सो योग्यता प्राप्त शिक्षक हुन नसकेमा Ωसो भन्दा कम शैक्षिक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले प्रतिस्पर्धाको आधारमा €..............प्रधानाध्यापक नियुक्ति गरिनेछ।

ΩΩप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

(ग) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ।

(घ) प्रधानाध्यापकको अवधी ५ वर्षको हुनेछ। निज बढिमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत् हितगर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा €.................. विद्यालय व्यवस्थापन समितिले जुनसुकै बेला पनि हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिईनेछ ।

**26. शिक्षकको सरुवा:**

१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात् सोहि पालिकाभित्रको अर्को विद्यालयमा सरुवा हुन चाहेको खण्डमा सो शिक्षकले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ। तर सरुवा भई जाने विद्यालयमा सम्बन्धित €.........विषयको दरबन्दी रिक्त हुनुपर्नेछ। Ωगाउँपालिका अनुदान शिक्षकको सम्बन्धमा गाउँपालिकाले आवश्यकता अनुसार सरुवा गर्नसक्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यूनतम १ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरबन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्नसक्नेछ।

३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ। विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरबन्दी

Ω प्रथम संशोधनद्वारा संशोधित

€ प्रथम संशोधनद्वारा झिकिएको

आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्ने €.........वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ। तर परिक्षणकालमा सरुवा गर्न बाध्य हुनेछैन।

**27. दरबन्दी मिलान तथा विद्यालय समायोजन:**

१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्नसक्नेछ ।

२) उपदफा १ बमोजिमको कार्यका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामिण क्षेत्रलाई प्राथमिकता दिईनेछ। Ωसाथैयससम्बन्धीशपव्यवस्थातोकिएबमोजिमहुनेछ।

**28. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्वन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन।

**29. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना,निर्वाचन सम्वन्धी काम,प्राकृतिक प्रकोप उद्धार कार्य,नेपाल सरकारले र गाउँपालिकाले तोकेको कार्यमा खटाउनसक्नेछ ।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

**30. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करारसम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

१) गाउँपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

२)कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

३)वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नुपर्नेछ।

**31. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

१)कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नुपर्दछ।

२)कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सिर्जनशिलता, परिवर्तनशिलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नुपर्नेछ।

३)कार्यसम्पादन सम्झौताको मुल्याङ्कन,पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

सभाबाट पारित : २०८०/०३/३१ गते

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन

**32. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान,कम्पाउण्ड,घेरबार, बालमैत्री बसाई व्यवस्था,वातावरण मैत्री हाता, करेसाबारी,फूलबारी, स्वच्छ पिउने पानी,छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा सिकाईमैत्री वातावरण हुनुपर्नेछ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्नेछ ।

**33. विद्यालयको सम्पत्ति**

१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नुपर्नेछ।

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईनेछैन।

३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्नेछ।

**34. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोगचलन गर्न सक्नेछ।

२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राखे, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ।

३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने काम, कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछश।

35. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाई उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नसक्नेछ।

२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्वन्धित विद्यालयले तोकिएको समय सीमाभित्र सम्बन्धितशिक्षाशाखामामागगर्नुपर्नेछ।

३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्नुपर्नेछ।

५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनुपर्नेछ।

36. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः विद्यालयले पाठ्यक्रममा आधारित सिकाईमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु, वालक्लवतथा वातावरण मैत्री क्लबहरु गठन,परियोजना कार्य,अध्ययन भ्रमण,पोषण शिक्षा,खेलकुद प्रतियोगिता,साहित्यिक तथा बहु प्रतिभा प्रष्फुटन हुने क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CS CamScanner

## परिच्छेदः ७

### संस्थागत विद्यालयको अनुमति,मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनुपर्नेछ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

१) संस्थागत विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित | अध्यक्ष |
| (ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना | सदस्य |
| (ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| (घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक | सदस्य |
| (ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना | सदस्य |
| (च) विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने गराउने,

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

(ङ) प्रचलित कानुन बमोजिम् योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(च)शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(छ) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

(ज) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने,

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**40. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः**

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न,अपाङ्गता भएकाहरु,महिला,दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ। छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनुपर्नेछ।

२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ।

**41. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्नसक्नेछ।

**42. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न,निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**43. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

## परिच्छेद: ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

44. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा समितिको अध्यक्ष — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य

(घ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय प्रमुख — सदस्य

(ङ) शिक्षा अधिकृत — सदस्यसचिव

१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

३)कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ।

४) उपदफा २ र ३ बाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

29

Ωप्रथम संशोधनद्वारा संशोधित

∈प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

## परिच्छेदः ९

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**45. विद्यालय कोषः**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ,जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क)नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,र

(घ)अन्य स्रोतबाट प्राप्त रकम।

**46. अनुदानको व्यवस्थाः**

१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकमलाई आवश्यकता अनुसार दरबन्दी मिलान तथा विद्यालय समायोजन गरी विद्यालयमा अपुग हुन आएको दरबन्दीमा गाउँपालिकाले अनुदान शिक्षकको व्यवस्था गर्नसक्नेछ र निजको तलबभत्ता गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

€२) ................................

३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

**47. बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति शिक्षा शाखामा समय सिमाभित्र पठाउनुपर्नेछ।

**48. लेखा व्यवस्थापन**

१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CS CamScanner

**49. सामुदायिक विद्यालयको खाता सञ्चालन**

१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

२) माध्यमिक तह र आधारभूत तह (६-८) सम्म सञ्चालन भएको विद्यालयमा विद्यालयको प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ। तर (१-५) को हकमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापनको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयुक्त दस्तखतबाट गरिनेछ।

**50. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्र्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

२) लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको १५ दिनभित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

३) प्रत्येक वर्ष भदौ मसान्तसम्ममा विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनुपर्नेछ।

**51. छात्रवृत्तिको व्यवस्था गर्नसक्ने:**

(क) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ।

(ख) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा (साधारण, प्राविधिक विषय) मा अध्ययन गर्न ईच्छुक गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई गाउँसभाले विनियोजन गरे अनुसार छात्रवृति रकम आवश्यकता बमोजिम उपलब्ध गराउनसक्नेछ।

**52. शुल्क सम्बन्धी व्यवस्था:**

१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन।

२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिईसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन।

४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइनेछ।

६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्नेछ। यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**53. विद्यालयलाई छुट र सुविधा**

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिनसक्नेछ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

## परिच्छेद: १०

## विविध

54. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ। यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान, आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

55. गाउँपालिकाले निर्देशन दिनसक्ने:

१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

56. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:

१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा,ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाजस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

57. प्रगति विवरण बुझाउनुपर्ने:संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनुपर्नेछ।

58. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने: विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउनेछैन।

59. स्थानीय शिक्षा विकास कोष

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न,प्राकृतिक प्रकोप पीडित,अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न देहाय बमोजिम शिक्षा विकास कोष स्थापना हुनेछ।

Ω(क) जगेडा शिक्षक कोष: प्राकृतिक प्रकोपमा परी वा दिर्घरोगी भनी प्रमाणित भएका शिक्षकको हकमा गाउँपालिकाले तोके बमोजिम यस कोषबाट आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

Ωप्रथम संशोधनद्वारा संशोधित

प्रथम संशोधनद्वारा झिकिएको

२) कोषमा देहाय बमोजिमका रकम रहनसक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ।

60. दण्ड सजायः

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैह्र जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च)अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा; ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(छ)कानून विपरीतको अन्य कार्य गरेमा।

३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्वन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ।

61. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

Ωप्रथम संशोधनद्धारा संशोधित

€प्रथम संशोधनद्धारा झिकिएको



CamScanner

**62. नियम बनाउने अधिकार:**

१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्नसक्नेछ।

**63. संक्रमणकालिन व्यवस्था:**

१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नबनाउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँकार्यपालिकाले दिन सक्नेछ।

**64. बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।

**65. बचाउ र लागू नहुने:**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्नेछैन।

३)यस ऐनका दफा तथा उपदफा संविधान, संघीय शिक्षा ऐन, नियमावली र प्रदेश ऐन तथा नियमावलीसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

सभाबाट पारित : २०८०/०३/११

अनुसुची १

दफा ८ को उपदफा १ सँग सम्बन्धित

विद्यालय खोल्न,कक्षा थप अनुमतिका लागि दिईने निवेदन

श्रीमान्.............................................

पूर्वीचौकी गाउँपालिका सानागाउँ,डोटी।

विषयः– विद्यालय खोल्ने अनुमति सम्बन्धमा।

महोदय,

शैक्षिक सत्र...............................देखि ..........................तहको विद्यालय खोल्न चाहेकाले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन पेश गरेको छु।

(क) प्रस्तावित विद्यालयको

१) नामः..............................

२) ठेगानाः...............................गा.पा./न.पा...............................वडा नं..........

फोन नं/मो.न........................................

३) किसिम

१. सामुदायिक

२.संस्थागत

अ) कम्पनी

आ) शैक्षिक गुठी

४) अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः-

५) भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः-

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पुर्वाधार

१) भवनको

क) संख्याः

ख) कच्ची /पक्की /अर्ध पक्की

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको



CamScanner

ग) आफ्नै/बहालमा/सार्वजनिक

२) कोठा विवरण:

| कोठाको संख्या | लम्बाई | चौडाई | उचाई | झ्यालढोकाको अवस्था | प्रकाश र बत्तीको | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३) फर्निचरको संख्या:–

१. डेस्क २. बेञ्च ३.टेबल ४.दराज

५. मेच ६. अन्य

४) खेलकुद मैदान अवस्था र जग्गा: रोपनी

५) शौचालयको संख्या:

१. छात्रले प्रयोग गर्ने २. छात्राले प्रयोग गर्ने

६) खानेपानीको अवस्था

७) पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या:

८) प्रयोगशाला

९) सवारीसाधनको विवरण:

(ग) विद्यार्थी संख्या (प्रस्तावित)

| कक्षा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | | |

(घ) शिक्षक संख्या:(प्रस्तावित)

(ङ) आर्थिक विवरण(प्रस्तावित)

Ωप्रथम संशोधनद्वारा संशोधित

∈प्रथम संशोधनद्वारा झिकिएको



CS CamScanner

१) अचल सम्पत्ति

२) चल सम्पत्ति

३) वार्षिक आम्दानी

४) आम्दानीको स्रोत

माथि लेखिएका विवरणहरु ठिक साचो छ, झुट्टा ठहरे कानुन वमोजिम सहुँला बुझाउँला।

निवेदकको

सहिः-

नामः-

मितिः-

ठेगानाः-

<u>सँलग्न गर्नुपर्ने कागजातहरु</u>

१) शैक्षिक गुठीको विधान वा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी।

२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पांच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र।

३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक संस्था।

४) सम्बन्धित वडाको सिफारिस।

...... संशोधनद्वारा संशोधित

...... संशोधनद्वारा झिकिएको

सभाबाट पारित : २०८०/०३/३१ गते

# अनुसूची २

## विद्यालय सञ्चालन तथा कक्षा थप गर्न दिइने अनुमति।

श्री..................................................

........................................................।

तपाईले विद्यालय खोल्ने/कक्षा थप गर्ने सम्बन्धमा मिति.......................मा दिनुभएको निवेदन उपर कारबाही हुँदा शिक्षा ऐन, २०७५ को नियम बमोजिमको पुर्वाधार पूरा गरेको देखिएको हुँदा शैक्षिक सत्र..................देखि आधारभुत(प्राथमिक/ निम्नमाध्यमिक), माध्यमिक तहको ...........................कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिईएको छ।

<u>अनुमति प्रदान गर्ने अधिकारीको</u>

सहि:

कार्यालयको छाप

नाम:

पद:

मिति:

द्रष्टव्यः- यसरी अनुमति प्रदान गर्ने अधिकारीले आफ्नो कार्यालयको नाम रहेको पत्रमा अनुसूची बमोजिमको अनुमति दिई सो सँग सरोकार राखे अन्य निकायहरूलाई समेत बोधार्थ दिनुपर्नेछ।



Ωप्रथम संशोधनद्वारा संशोधित

⊗प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

सभाबाट पारित : २०८०/०३/३१ गते

## अनुसुची ३

### शिशु विकास केन्द्र/प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनका लागि दिईने निवेदन।

श्री.......................................................गाउँपालिका कार्यालय

..............................डोटी

विषयः प्रारम्भिक बाल विकास केन्द्र/पुर्व प्राथमिक विद्यालय÷कक्षा सञ्चालन गर्न अनुमति पाउँ ।

शैक्षिक सत्र...............................देखि प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावकतथा समुदाय वा विद्यालय व्यवस्थापन समितिको मिति...................................को निर्णय अनुसार तपसिलकाविवरण कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु/छौ ।

(क) प्रस्तावित बाल विकास केन्द्र

१) नामः

२) ठेगानाः गा.पा.

वडा नं

गाउँ/टोल फोन नं/मो.न.

३) सेवा पुऱ्याउने बालबालिकाको संख्या

.......................................................................................................................

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने आवद्धता दिने विद्यालयको

१) नामः ..........................................................................................

२) ठेगानाः..........................................................................................

३) फोन नं..........................................................................................

(ग) प्रस्तावित प्रारम्भिक बाल विकास केन्द्र विद्यालयको भौतिक पुर्वाधारहरु

१) भवन

अ) कोठा आ) कच्ची/पक्की

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

इ) के ले बनेको ई) आफैंबाट सार्वजनिक

२) फर्निचरको विवरण

अ) आ)

इ) ई)

३) खेलकुद मैदानको क्षेत्रफल

अ) आफ्नै आ) भाडामा वा सार्वजनिक इ) अन्य

४) शौचालयको व्यवस्था

अ) संख्या आ) कच्ची/पक्की ई) पानीको व्यवस्था भएनभएको

५) खानेपानीको अवस्था

अ) बोकेर ल्याउने आ) धाराबाट प्राप्त इ) पर्याप्य। अपर्याप्त

६) पाठ्यसामग्री के के छन् ?

अ) आ) इ) ई)

७) आर्थिक विवरण

अ) चल सम्पत्ति आ) अचल सम्पत्ति इ) अन्य

८) आम्दानीको श्रोतको व्यवस्था कसरी मिलाईन्छ९) अन्य कुनै विवरण भए उल्लेख गर्ने।

0प्रथम संशोधनद्वारा संशोधित

0प्रथम संशोधनद्वारा झिकिएको

सभाबाट पारित : २०८०/०३/३१ गते

माथि लेखिएको विवरण ठिक छन झुठ्टा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदकको

संस्थाको छाप

नामः

ठेगानाः

मितिः

संलग्न कागजात

१) भवन तथा खेलमैदान् सम्बन्धी कागजातको विवरण।

२) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन।

३) आपसी सहयोग समूहबाट निवेदन गरेको भए त्यस्तो समुहको बैठकको निर्णय।

४) कुनै विघालयसँग आवद्ध गरी सञ्चालन खोजेको भए विघालयको सिफारिस।

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

सभाबाट पारित : २०८०/०३/३१ गते

अनुसूची ४

प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिईने अनुमति।

श्रीपूर्वीचौकी गाउँपालिका वडा नम्बर............. डोटी

श्री................ विघालय डोटी ।

तपाई/त्यस विघालय संस्थाले प्रारम्भिक बाल विकास केन्द्र,विघालय/कक्षा खोल्ने सम्वन्धमा यस पूर्वीचौकी गाउँपालिकाको कार्यालयमा दिनुभएको निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन, २०७५ बमोजिम पुर्वाधार पूरा गरेको र यस गाउँ कार्यपालिकाको नक्शाङ्कनमा परेकोले मिति ......... देखि प्रारम्भिक वाल विकास केन्द्र सञ्चालन गर्न यस समिति/कार्यालयको मिति ..........., को निर्णयानुसार अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको

सहिः

कार्यालयको छाप

नामः .......

पदः प्रमुख प्रसाशकीय अधिकृत

मितिः ........

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाई, डोटी।

श्री शिक्षा विकास निर्देशनालय राजपुर, डोटी।



Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

CamScanner

सभाबाट पारित : २०८०/०३/३१ गते

## अनुसुची ५

**विद्यालय स्वीकृतिका लागि दिईने निवेदन।**

श्री.................................................................

................................................................।

**विषयः— विद्यालयको स्वीकृति सम्बन्धमा ।**

..........................................................................गाउँ कार्यपालिकाको मिति ................................................को निर्णय अनुसार अनुमति पाई खोलिएको यस विद्यालयको स्वीकृति पाउन निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) विद्यालयको

१) नाम

२) ठेगानाः गा.पा./न.पा.

वडा नं

गाउँ टोल फोन/मो.न

३) अनुमति प्राप्त गरेको तह र मिति

पूर्व प्राथमिक मिति..................................

प्राथमिक तह मिति..................................

निम्न माध्यमिक तह मिति..................................

माध्यमिक तह मिति..................................

(ख) विद्यालयको भौतिक अवस्था

१) भवनको

क) संख्याः

ख) कच्ची/पक्की/अर्धपक्की

ग) आफ्नै/बहालमा/सार्वजनिक

Ωप्रथम संशोधनद्वारा संशोधित

€प्रथम संशोधनद्वारा झिकिएको

२) कोठाको विवरण

३) फर्निचरको संख्या:

१) डेस्क २) बेन्च ३) टेवुल

४) दराज ५) मेच ६) अन्य

४) खेलकुद मैदानको अवस्था र जग्गा(रोपनी वा विगाहामा)

५) शौचालयको संख्या: महिला पुरुष

६) खानेपानीको अवस्था

७) पुस्तकालयको अवस्था

८) प्रयोगशालाको अवस्था

९) सवारीसाधनको विवरण

१०) शैक्षिक सामग्री विवरण

(ग) विद्यार्थी संख्या(कक्षागत रुपमा)

(घ) शिक्षकको संख्या:

(ङ) आर्थिक स्थिति:

१. अचल सम्पत्ति

२. चल सम्पत्ति

३. वार्षिक आम्दानी

४. आम्दानी गर्ने

माथि लेखिएको व्यहोरा ठिक साचो छ,झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदकको

सहि:

विद्यालयको छाप

नाम:

ठेगाना:

Ωप्रथम संशोधनद्वारा संशोधित

सभाबाट पारित : २०८०/०३/३१ गते

## अनुसूची ६

### विद्यालयको स्वीकृति सम्बन्धमा।

श्री..............................विद्यालय

..............................................

त्यस विद्यालयबाट स्वीकृति गर्ने सम्बन्धमा दिएको निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन, २०७५को..........बमोजिमको पालना गरेको देखिएकाले कक्षा .........देखि कक्षा...........सम्म शिक्षा प्रदान गर्न स्वीकृतिप्रदान गरिएको छ ।

स्वीकृति प्रदान गर्ने

अधिकारीको नामः

सहिः

पदः

मितिः

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाई, डोटी।

श्री शिक्षा विकास निर्देशनालय राजपुर, डोटी।

आज्ञाले

पितानाथ लुईटेल

प्रमुख प्रशासकीय अधिकृत



Ωप्रथम संशोधनद्वारा संशोधित

ϵप्रथम संशोधनद्वारा झिकिएको

ϵप्रथम संशोधनद्वारा झिकिएको